# प्रेस विज्ञप्ती

मगर राष्ट्रिय मुक्ति मोर्चा नेपालको पूर्व निर्धारित कार्यक्रम अनुसार मिति २०८१/११/२८ र २९ गते छैंठौ राष्ट्रिय सम्मेलन ***"मगर भाषा संस्कृति र मगराँत भूमी हाम्रो शान ! समता समृद्धि र सुशासनको लागि पूर्ण समानुपातिक निर्वाचन !!"*** भन्ने मूल नाराकासाथ रुपेन्देहीको बुटवलमा भव्य र सभ्य रुपमा सम्पन्न भएको छ। जसको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

तपशिल

१. सम्मेलनको उद्घाटन कार्यक्रम मिति २०८/११/२८ गते दिनको २:०० बजे बुटवल ट्राफिकचोकमा अध्यक्ष कमरेड प्रचण्डद्वारा आदिवासी मगर साँस्कृतिक परम्परा अनुसार ६ वटा वृक्ष थानमा धजा बानेर, जल चढाएर समुद्घाटन गर्नुभयो। उत्पीडित जातिको लागि पार्टीले लड्दै आएको र क्रान्तिमा मगर समुदायले दिएको वलिदाको पार्टीले उच्च मूल्याङ्कन गरेको कुरा प्रमुख अतिथिले स्पष्ट पार्नुभयो। उद्घाटन मन्तव्य पार्टीका महासचिव क. देव गुरुङ, उपमहासचिव क. वर्षमान पुन अनन्त, सचिव चन्द्रप्रकाश खनाल बलदेव, आदिवासी जनजाति संयुक्त मोर्चाका इन्चार्ज क. ओनसरी घर्ती र संयोजक क. सुरेश आले लगायत हुनुहुन्थ्यो। समुद्घाटन समारेहमा हजारौं जनसमुदायले मगर मौलिक भेषभुषा, परम्परागत बाजागाजासहित साँस्कृतिक झाँकीसहित नगर परिक्रमा गरी सभा स्थलमा आइपुगेको थियो।

२. समुद्घाटन लगत्तै दरबार लन पार्टी प्यालेसमा बन्द सत्र शुरु भएको थियो। बन्द सत्रले विधान प्रतिवेदनमाथी व्यापक छलफल बहस गरी थपघट र सुझावसहित पारित गर्ने काम भयो।

३. बन्द सत्र उक्त फागुन २९ गते पूर्वान्ह २:०० बजेदेखि विहान ६:०० बजे सम्ममा निर्वाचन समितिले सम्पूर्ण प्रक्रिया पुरा गरी क. दीपक थापा चर्तीमगरको अध्यक्षतामा १५१ जना सर्वसम्मत केन्दीय समिति चयन गर्‍यो। जसको नामावली निम्न प्रकार रहेको छ।

अध्यक्ष : दीपक थापा चर्तीमगर, वरिष्ठ उपाध्यक्ष : माधव दर्लामीमगर, उपाध्यक्षहरु, चिनिमाया कालामगर, मिनबहादुर घर्तीमगर, टोपबहादुर दर्लामीमगर, लीला सोमैमगर, छमाया थापामगर, लोकेन्द्र थापामगर, अनिता थापामगर, हिराबहादुर थापामगर, सबिना बुढामगर, होमराज खपाङ्गीमगर, भक्त लुङ्गेलीमगर (मगर ढुट), सारदा पुनमगर (मगर खाम), मालबहादुर वुढामगर(मगर काईके)। महासचिव : जिवनप्रवेश रोकामगर। उपमहासचिवहरु : तिर्थ थापामगर, विशाल पुनमगर, मनोज रानामगर, खगेन्द्र पुनमगर, सिद्धबहादुर थापामगर। सचिवहरु : विरमान घर्तीमगर, टिकासरी वुढामगर, हरिबहादुर थापामगर, धनबहादुर पुनमगर, चन्द्रप्रसाद वुढाथोकीमगर, केशव थापामगर, यम खपाङ्गीमगर, दीपक थापामगर, टुगा थापामगर। कोषाध्यक्ष : अम्बिका खुलालमगर। र केन्द्रीय सदस्यहरु सहित १५१ जना।

४. सम्मेलनले समसामयिक प्रशताव समेत पारित गरेको छ। जसमा संविधानमा उल्लेख भएको स्वायत्त क्षेत्र र विशेष क्षेत्र कार्यन्वयन गर्न तुरुन्त ऐन कानून बनाउनुपर्ने कुरामा जोडदार माग गरेको छ । प्रतिगामी पुनरउत्थावादी, राजावादीहरुको चलखेल निष्तेज पार्न जनसमुदायमा अपिल गरेको छ । वर्तमान सरकारको जनविरोधी क्रियाकलापको घोर भर्सना गरेको छ । हालै भइरहेको किराँत प्रदेशको पहिचनको मुक्कुमलुङ आन्दोलनको जोडदार समर्थन गर्दै एक्यबद्धता जाहेर गरेको छ।

५. सम्मेलनलाई सफल पार्न पार्टी केन्द्रबाट पाल्नुभएका प्रमुख अतिथि, अतिथि गण, प्रतिनिधि, प्रवेक्षक, आर्थिक समिति, व्यावस्थापन समिति, प्रदेश र स्थानीय पार्टी पंक्ति, निर्वाचन समिति, स्वयमसेवक, कलाकार, सुरक्षकर्मी, पत्रकार, पेशा व्यावसायीलगायत सम्पूर्ण जनसमुदायमा सम्मेलनले हार्दिक आभार सहित धन्यवाद व्यक्त गरेको छ।

मिति : २०८१ फागुन २९ गते बिहिवार दिउँसो ३:३० बजे बुटवल।

... .... ... ... ...
जिवनप्रवेश रोकामगर
नव निर्वाचित महासचिव

... ... .... ... ... .
दीपक थापा चर्ती मगर
नव निर्वाचित अध्यक्ष
मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल, केन्द्रीय समिति